सम्पादकीय

मनसुनी जोखिममा छैन पूर्व तयारी

मौसमविदहरूले यही जेठ १८ देखि असोज १४ सम्मको मनसुन अवधीमा नेपालमा ३० वर्षयताकै धेरै वर्षा हुने भविष्यवाणी गरेका छन्। जसका कारण २० लाख नेपाली प्रभावित हुने र नेपालका अधिकांश भू-भागमा ठूलो प्राकृतिक क्षति पुग्न सक्ने अनुमान गरिएको छ। तराईमा डुबान र बाढीको जोखिमसँगै उच्च हिमाली क्षेत्रमा औसतभन्दा बढी तापक्रम हुने भनिएकाले हिम पहिरोदेखि हिमताल विस्फोटका घटना पनि सँगसँगै हुने अवस्था रहेको विज्ञहरूको चेतावनी छ। नेपाल सरकारले मौसमविदहरूले पूर्व खबरदारी गरेका छन तर अहिलेसम्म जोखिम नियन्त्रणमा पूर्व तयारीका काम भने सुरु हुनै सकेको छैन्। विज्ञहरूको पूर्वानुमानलाई आधार बनाएर सरकारले पूर्वतयारीका कामहरू व्यवस्थित गर्नु जरुरी छ। मनसुनी असरले पार्ने समस्या न्यूनीकरणमा सरोकारवाला निकायमात्र नभई आम नागरिकको भूमिका पनि त्यत्तिकै महत्वपूर्ण हुने छ। ३० वर्ष यताकै धेरै वर्षा हुने मौसमविदहरूको भनाईले नेपालमा मानवीय क्षति बढ्न सक्ने पूर्वानुमान माथ त्यत्तिकै रूपमा सचेतनाका कार्यक्रम गर्नु जरुरी छ। यो बर्ष मनसुनमा औसतभन्दा बढी पानी पर्ने भएपछि प्राकृतिक प्रकोपको जोखिम बढ्ने अवस्थाम नेपाल सरकारले पूर्व तयारीको कामलाई प्रभावकारी बनाउनु जरुरी छ। पानी धेरे पर्दा हिमाली र पहाडी भेगमा पहिरो जाने तथा तराईमा बाढीको उच्च जोखिम हुने मौसमबीदहरूले चेतावनी दिएका छन। यसैपनि ३० बर्षयताकै धेरै पानी पर्ने मौसमविद्को प्रक्षेपणले बाढी पहिरोको चुनौती बढ्ने खतरा छ।

सरकारले मनसुनजन्य बिपद्बाट उत्पन्न हुने जोखिम न्यूनिकरण गर्न पूर्व तयारी गर्नुपर्ने हो तर अहिलेसम्म त्यसतर्फ सरकारको तयारी छैन। मन्त्रालयमा आयोजना हुने कोठे बैठकले समस्या न्यूतिकरण हुन सक्दैन। सरकारी पदाधिकारीहरू अहिलेसम्म वर्षायाममा हुन सक्ने विपद् को लागि पूर्वतयारी खासै केही नभएको बताउँछन। मनसुनी प्रकोपको पूर्वतयारी गरेर विपद् सामना गर्न संघीय, प्रदेश र पालिकाहरूले तयारी गर्नुपर्ने हो। तर, अहिलेसम्म अन्तरक्रियाका कार्यक्रम बाहेक ध्यान दिएको देखिएको छैन। त्यसो त अहिले बिपदजन्य घटनाको पूर्वानुमान धेरै मिल्न थालेको छ। त्यसकारण बाढी, पहिरो लगायतको प्राकृतिक प्रकोपबाट बच्न धेरै हदसम्म सजिलो पनि छ तर पूर्व तयारी गरिएन भने जोखिम कायमै रहने हुनाले प्राकृतिक जोखिम पूर्व तयारीमा ध्यान दिनु जरुरी छ। विगतमा पनि विपतजन्य घटनाबाट हुनसक्ने क्षति कम गर्न पूर्व सूचना प्रणालीको अभ्यासले सहयोग पुऱ्याएको हो। त्यसैले मौसम पूर्वानुमान विश्लेषण अध्ययन गरी जोखिम क्षेत्रका पालिकालाई सहभागी गराएर सूचना प्रवाहको दायरा बढाउँदै लग्ने राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको योजना छ। यसपटक उच्च हिमाली क्षेत्रमा पनि औसतभन्दा बढी वर्षा र खासगरी कर्णाली प्रदेशको उत्तरी भाग र सुदूरपश्चिम प्रदेशको उत्तरी भाग, लुम्बिनी प्रदेशको उत्तरी भागका साथै गण्डकी प्रदेशको पनि उत्तरी भागमा औसतभन्दा बढी तापक्रम पनि हुने भनिएको छ। त्यसमाथि लुम्बिनी प्रदेशमा सवैभन्दा धेरै वर्षा हुने आँकलन गरिएको छ। यसबाट लुम्बिनी प्रदेशले विपद न्यूनिकरणमा अहिलेदेखि नै योजना र कार्यक्रम बनाएर अघि बढ्नु जरुरी छ।

अवको दिनमा बाढीपहिरो, डुबानजस्ता क्षति न्यूनीकरणका लागि जोखिमयुक्त बस्तीहरूलाई पूर्वसचेत गराउन सावधानीका सूचकहरू प्रयोग गर्नु जरुरी छ। प्राकृतिक प्रकोप व्यवस्थापन पद्धति अनुरूप आवश्यक पूर्वतयारी एवं पूर्व सावधानीसहितको कार्ययोजना तत्काल बनाउन, उद्धारलगायतका कार्यका लागि आवश्यक हेलिकोप्टर, डोजर, स्काभेटर सहितका राहत सामग्री तथा उद्धारजन्य उपकरणहरू तयारी अवस्थामा राख्नेतर्फ सरकारको ध्यान जाओस्। अब समय आईसकेकोले प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरणको लागि पूर्व तयारीमा ध्यान दिन ढिलाई गर्नु हुँदैन। राज्यका तिनै तहले रणनीतिक योजना बनाउनेतर्फ लाग्न ढिलाई नगरुन।

जागृती बहुउद्देश्यीय सहकारीको वार्षिकोत्सव

बुटवल (बुटवल टुडे) ११ जेठ - 'भविष्यको साथी, जागृती सहकारी' भन्ने मूल नाराका साथ कार्यरत जागृती बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले २४औं वार्षिकोत्सव विभिन्न कार्यक्रम गरी मनाएको छ।

वार्षिकोत्सवको पूर्वसन्ध्यामा जेठ १० गते एक दिने खुल्ला निशुल्क आँखा जाँच शिविर आयोजना गरिएको थियो। बुटवल उपमहानगरपालिका वार्ड नं. ९ का अध्यक्ष प्रदीप कुमार श्रेष्ठले उद्घाटन गरेको शिविरमा सहकारीका १ सय ५४ सदस्य तथा स्थानीय बासिन्दाहरूको निशुल्क आँखा जाँच गरी औषधि वितरण गरिएको थियो। कार्यक्रममा संस्थाका निवर्तमान अध्यक्ष रमेश प्रसाद पाण्डे, पूर्व अध्यक्षहरू भोजराज पाण्डे र गणेश भट्टराई, उपाध्यक्ष लोकनाथ पाण्डे, कोषाध्यक्ष हेमन्त कंडेल, लेखा संयोजक, संचालक सदस्यहरू लगायत अन्य व्यक्तित्वहरूको उपस्थिति रहेको थियो। संस्थाका अध्यक्ष लाल प्रसाद ब्रस्यालले कार्यक्रमको उद्देश्य तथा संस्थाको बारेमा प्रकाश पारेका थिए। बुटवल, तिलोत्तमा, सैनामैना, देवदह, सिद्धार्थनगर, ओम सतिया र शुद्धोधन पालिका कार्यक्षेत्र रहेको सहकारीमा ११ सय भन्दा बढी शेयर सदस्य रहेका छन्।

चन्द्रकोटको पर्यटन प्रवर्द्धनमा अन्तर्क्रिया

गुल्मी (बुटवल टुडे), ११ जेठ - गुल्मीको चन्द्रकोट गाउँपालिकामा पर्यटन प्रवर्द्धनका लागि स्थानीय सरकार र सरोकारवाला बीच अन्तरक्रिया गरिएको छ। चन्द्रकोट गाउँपालिका भित्र रहेका पर्यटकीय गन्तव्यहरूको परिचयात्मक एवं प्रवर्द्धनात्मक कार्यक्रम अन्तरगत उक्त कार्यक्रम सञ्चालन गरिएको हो। त्यस क्षेत्रको पर्यटन प्रवर्द्धनका संभावना, पहिचान एवं दिगोपनाको विषयमा सरोकारवालाहरू बीच अन्तर्क्रिया गरिएको थियो।

चन्द्रकोट गाउँपालिका तथा गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपालको संयुक्त आयोजनामा नेपाल पर्यटन बोर्डको सहयोगमा चन्द्रकोट -४ स्थीत रेमीमा उक्त कार्यक्रम सञ्चालन गरिएको हो। पालिका भित्रका पर्यटकीय गन्तव्यहरूको महत्वको बारेमा पहिचान गराउने र तिनीहरूको संरक्षण र संवर्द्धन केकसरी गर्न सकिन्छ भन्ने उद्देश्यले रेमीको टिमुरे सामुदायिक होमस्टेमा उक्त कार्यक्रम सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष युवराज केसीले जानकारी दिए।

अन्तरक्रिया कार्यक्रममा नेपाल पर्यटन बोर्डका उपाध्यक्ष रामप्रसाद सापकोटा, पर्यटन प्रवर्द्धन मञ्च नेपालका अध्यक्ष शकुन्तला देवकोटा, चन्द्रकोट गाउँपालिका अध्यक्ष युवराज केसी एवं गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपालका प्रमुख सल्लाहकार एवं पर्यटनविद डाक्टर प्रेम शर्मा लगायतले पर्यटन क्षेत्रको विकास र महत्वको बारेमा प्रकाश पारेका थिए। कार्यक्रममा स्थानीयवासी, राजनैतिक दल, जनप्रतिनिधि, विभिन्न संघ संस्था, होम स्टे सञ्चालक एवं कर्मचारीहरूको सहभागिता रहेको थियो। सोही अवशरमा पालिका भित्र उत्पादन भएका रैथाने वस्तुहरू तथा विभिन्न साँस्कृतिक झाँकी एवं नृत्य प्रदर्शन गरिएको थियो।

ब्राण्ड...

मालीका मन्दिरमा बैकुण्ठ चतुर्दशी एवं कार्तिक शुक्ल चतुर्दशीको दिन हजारौं भक्तजनहरूको घुँईचो लाग्ने स्थानीय समाजसेवी ज्ञानहरी सापकोटा बताउँछन। मालीकाको उत्पति आज भन्दा करीब ५ हजार वर्ष अगाडि भएको भन्ने मान्यता छ। मालीका क्षेत्रमा किम्मु, बर र सिमलका रुखहरु रहेको र तिनै रुखको फेंदमा माल्या श्री नामका ऋषिले तपस्या गरेको भन्ने किम्बदन्ती रहेको छ। उक्त क्षेत्रमा प्रशस्त मात्रमा वनजङ्गल रहेका कारण त्यहाँ जङ्गली जनावर र चराचुरुङ्ग गीहरुको बासस्थान रहेको थियो। त्यसैको नजिकै पानीको मुहान रहेको र कालान्तरमा उक्त मुल सुक्दै गएपछि पानीको अभावमा वन्यजन्तु र जीवजन्तुहरु छटपटाउन थालेको भन्ने भनाई छ।

पानीको हाहाकार भएपछि त्यसै समयमा देवी प्रकट भएर वरदान माग भन्दा माल्याश्री ऋषिले पानीको अभावले प्राणीहरुले दुःख पाएको भनेर पुकार गरेपछि देवी मालीका भगवती प्रसन्न भएर मन्दिर परिशरमा जलकुण्ड निकाली जीवन रक्षा गरेको भन्ने पौराणिक मान्यता छ। त्यही कारण त्यहाँ सयौं वर्षदेखि चन्द्रानको बीचमा सानो जलकुण्ड अहिलेसम्म देख्न सकिन्छ। अर्कोतर्फ श्री स्वस्थानी व्रत कथामा पनि शक्ति पीठको रूपमा मालीकाको वर्णन गरिएको पाईन्छ। सायद त्यसै भएर होला श्रावण महिना र माघ महिनामा यो मन्दिरमा बली चढ्दैन।

पंटकीय दृष्टीकोणले पनि यस मन्दिर महत्त्वपूर्ण स्थानमा रहेको छ। मन्दिर नजिकै स्वाँरामा होमस्टे सञ्चालन गरिएको छ। मन्दिर पुगेर फर्केपछि मानिसहरू होमस्टेमा गएर स्थानीय रैथाने वस्तुका परिकारहरूको स्वाद लिएर फर्कने गर्दछन। मालीका क्षेत्रको विकासका लागि मुसिकोट नगरपालिकाले सडक निर्माण, खानेपानी तथा मन्दिर पुनःनिर्माण र व्यवस्थापन लगायतका क्षेत्रमा सहयोग पुराउँदै आएको नगरप्रमुख जीवलाल खरेल जीवनले बताएका छन।

थर्पिदै...

सचेतना अभावका कारण किशोरावस्थामै असुरक्षित यौन सम्बन्ध राख्ने र सोको जोखिम कम गर्ने भन्दै आकस्मिक परिवार नियोजनका साधन प्रयोग गर्ने, एचआईभी संक्रमण बारेको गम्भिरता र सजगता घटदै गएको र संक्रमणको तथ्याङ्कमा सो क्षेत्रमा काम गर्ने सरकारी र गैरसरकारी निकायहरू बिचको एकरुपता हुनुपर्नेमा सहभागीहरूको जोड थियो।

एचआईभी संक्रमण रोकथाम क्षेत्रमा क्रियाशिल संघ संस्थाको कार्यक्रम र तथ्याङ्कहरूमा एकरुपता ल्याउन स्वास्थ्य कार्यालयले समन्वय र सञ्जालीकरण गर्न भूमिका खेल्नु पर्ने जिल्ला समन्वय समिति कपिलवस्तुका प्रमुख बाबुराम आचार्यले सुझाव दिए। संक्रमितलाई गरिने हेय, भेदभाव, लान्छना र सामाजिक बहिष्कारका घटना रोक्न सबै पक्षको सजगता आवश्यक रहेको कपिलवस्तु नगरपालिकाका सामाजिक विकास शाखाका प्रशासकिय अधिकृत पदमराज श्रेष्ठले बताए। रणनीतिक योजना सहित संक्रमण र संक्रमितलाई खोजी केन्द्रित कार्यक्रमलाई प्राथमिकतामा राख्नु पर्ने श्रेष्ठले सुझाव दिए। एडस हेल्थ केयर फाउण्डेशन (एचएफ) को सहयोगमा कपिलवस्तु नगरपालिकाले कार्यक्रमको आयोजना गरेको हो।

धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना १२ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय बुटवलबाट तपशिलमा उल्लेखित ऋणीले आवास कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

तपशिल

ऋणीको विवरण
तिलक चन्द श्रेष्ठको नाति दीर्घनारायण श्रेष्ठको छोरा स्याङ्जा जिल्ला वानेथोक वडा नं. २ हाल, तिलोत्तमा न.पा. वडा न. १० बस्ने **कृष्ण प्रसाद श्रेष्ठ** (ना.प्र.नं. : ७८६६४ जारी मिति र जिल्ला : २०६१/१०/०७ स्याङ्जा)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) तिलक चन्द श्रेष्ठको बुहारी दीर्घनारायण श्रेष्ठको पत्नी स्याङ्जा जिल्ला वानेथोक वडा नं. २ हाल, तिलोत्तमा न.पा. वडा न. १० बस्ने **धन कुमारी श्रेष्ठ** (ना.प्र.नं. : ९१९८ जारी मिति र जिल्ला : २०४५/०१/०५, स्याङ्जा)
२) दीर्घनारायण श्रेष्ठको बुहारी कृष्ण प्रसाद श्रेष्ठको पत्नी रुपन्देही जिल्ला दयानगर वडा नं. ९ हाल, तिलोत्तमा न.पा. वडा न. १० बस्ने **विष्णु कुमारी श्रेष्ठ** (ना.प्र.नं. : ३७३०४३/५६० जारी मिति र जिल्ला : २०६३/१२/११, रुपन्देही)
यसअघि प्रकाशित गरिएको सूचनाको विवरण : १) मिति २०८१/०८/१२ को नागरीक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको। २) मिति २०८१/११/०९ को सौर्य राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी १५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।
धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले ओगेको सम्पूर्ण लिगलगायात समेत।

धितोधनीको नाम	धितोको ठेगाना	सिट नं.	कित्ता नं.	क्षेत्रफल (विघा)
कृष्ण प्रसाद श्रेष्ठ	रुपन्देही जिल्ला मझहर वडा नं. १	१छ	५३०	०-०-१३-०
	रुपन्देही जिल्ला मझहर वडा नं. १	१छ	५३३	०-०-८-०
	नवलपरासी (ब.सु.प.) जिल्ला दाउन्नेदेवि वडा नं. ८	८क	२२८	०-४-३-०

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०३/०१ गते आइतबार यस बैंकको शाखा कार्यालय बुटवल आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०३/०२ गते सोमबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय बुटवलमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदातालै नै व्यहोर्नु पर्नेछ।

"नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वरिष्ठ स्तरको वित्तिय बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970867, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

कपिलवस्तु जिल्ला अदालतबाट जारी भएको इतलायनामा

मुद्दा नं: ०७९-C४-०१०९/१११ **मुद्दा** : चेक अनादर **फाँट** : १ अभियान

कपिलवस्तु जिल्ला अदालतबाट जारी भएको, जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा नं १० बुद्धमार्ग बुद्धनगर स्थित सनलाईट मल्टीप्रपोज प्रा. लि. पान नं ६०१८९०२०८ (मो.न. ९८५७०८०७७६) का नाउको इतलायनामा म्याद सुचना .....

उप्रान्त वादी मधु फुड्स प्रा.लि. लोहरौला बहादुरगंज-७ कपिलवस्तुको तर्फबाट अधिकार प्राप्त शुर्यनारायण कुर्मीले तपाईको नाँउमा मिति २०७९।०७।३० गतेमा चेक अनादर मुद्दाको फिरादपत्र यस अदालतमा दिएकोमा तपाईको नाममा जारी भएको म्याद सुचना लामो समय सम्म तामेल हुन नसकेको र तपाईको अर्को वतन समेत खुल्न नआएकोले यस अदालतको मिति २०८२।०२।०६ गतेको आदेशले तपाईका नाँउको म्याद राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु भन्ने समेत आदेश भएकोले तपाईको नाममा यो म्याद **सूचना** प्रकाशित गरिएको छ। म्याद सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१ (एक्काईस) दिन भित्र कानून बमोजिम आफ्नो लिखत प्रमाण सहित प्रतिउत्तरपत्र लिई यस अदालतमा आफै वा कानून बमोजिम प्रतिनिधी मार्फत उपस्थित हुन आउनुहोला। कानूनका म्याद भित्र प्रतिउत्तरपत्र पेश नगरेमा कानून बमोजिम हुने छ, पछि तपाईको उजूर लाग्ने छैन्।

इति संवत् २०८२ साल जेठ महिना १२ गते रोज २ शुभम् .....।

श्री वि. पी. माध्यमिक विद्यालय बलिनगर

सुस्ता-५ नवलपरासी (लुम्बिनी)

शिक्षक आवश्यकता

सुचना प्रकाशित मितिः २०८२/०२/११

उपरोक्त विषयमा यस विद्यालयको मिति २०८२/०२/११ गते बसेको वि.व्य.व.स. को निर्णयानुसार मा. वि. तह गा.पा. करार नेपाली विषय शिक्षक पदपूर्तिका लागि तपसिल योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ।

तपसिलः

१. **विज्ञापन नं.:** ०४/०८१/०८२
२. **पद संख्याः** ०१ एक (खुला)
३. **तहः** मा. वि. तृतीय (नेपाली विषय)
४. **शैक्षिक योग्यताः** सम्बन्धित विषयमा वि.एड. वा सो सरह उत्तीर्ण
५. **नियुक्तिको किसिमः** गा. पा. करार
६. **उमेरः** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
७. **तलब स्केलः** गा.पा.को निर्णय अनुसार
८. **निवेदन दस्तुरः** रु.१,५००।- (रु. एक हजार पाँच सय मात्र)
९. **दरखास्त दिने अन्तिम म्यादः** २०८२/०२/२६ (कार्यालय खुल्ने समय)
१०. **सम्पर्क मितिः** २०८२/०२/२७ (कार्यालय खुल्ने समय)
११. **परिक्षा मितिः** सम्पर्क मितिको दिन तोकिने छ।
१२. **परीक्षाको किसिमः** लिखित र मौखिक आवश्यक भए प्रयोगात्मक
१३. **आवश्यक कागजातहरुः** (अ) निवेदन (आ) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ (इ) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति (ई) आध्यापन अनुमतिपत्र प्रमाणपत्रको प्रतिलिपि १ (उ) निरोगिता प्रमाणपत्रको प्रतिलिपि १

नोटः अधुरो कागजातहरु पेस गरेमा आवेदन स्वतः रद्द हुने छ।

सम्पर्क नं. :- प्र.अ. ९८६७१८९६२५/९७६६६२७३४५

प्रधानाध्यापक

लुम्बिनी प्रदेश नवलपरासी (ब.सु.प.) जिल्ला, सुनवल नगरपालिका वडा नं १४ मा कार्यान्वयन गरिने श्री विजय मेनियर उद्योगले प्रस्ताव गरेको मेनियर उत्पादन गर्ने उद्योग संचालनको लागि प्रारम्भिक वातावरणीय परीक्षण (आइ.ई.ई.) प्रतिवेदन तयारीका सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२/०२/११)

प्रस्तावकको नाम र ठेगाना	विजय मेनियर उद्योग सुनवल न.पा., वडा नं.-१२, नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश
प्रस्तावको व्यहोरा	कार्यान्वयन हुने स्थानः सुनवल नगरपालिका, वडा नं १२ २७.५४८०१५° N ८३.६९९२७२° E कित्ता न. १७५,२०८ जम्मा क्षेत्रफलः ०.२२ हेक्टर प्रस्तावको उद्धेश्यः मेनियर उत्पादन (वार्षिक १५०,००० घन फिट) लगानी : निजी (रु ५०,००,०००/-)
प्रभाव पर्ने स्थान	सुनवल नगरपालिका वडा नं. १२, रामग्राम नगरपालिका, वडा नं १३

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन गर्ने क्रममा यस क्षेत्रको भौतिक, जैविक, रसायनिक, साँस्कृतिक र आर्थिक तथा सामाजिक पक्षहरुमा पर्ने प्रभाव यकिन गर्न नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति तथा संघ संस्थाको लिखित रायसुझाव लिन वातावरण संरक्षण नियमावली २०७७ बमोजिम सूचना प्रकाशित गरिएकोले, यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी रायसुझाव उपलब्ध गराईदिनु हुन अनुरोध गरिन्छ।

राय सुझाव पठाउने ठेगाना

विजय मेनियर उद्योग
फर्मको ठेगानाः सुनवल नगरपालिका वडा नं.-१२
सम्पर्क : श्री बासदेव बडई (संचालक/प्रस्तावक)
सम्पर्क नं.: ९८५७०११०२२ (बासदेव बडई)

रामग्राम नगरपालिका वडा नं १३ को कार्यालय
सुनवल नगरपालिका वडा नं.-१२ को कार्यालय

परामर्शदाताको नाम र ठेगाना
लुम्बिनी एग्रो इन्भाएरमेन्ट ल्याब प्रा. लि सुनवल-१२ भुमही, नेपाल
फोन नं.- ९८४७०१७३३४/९८६०६३३८१३
Email: lumbiniagrolab@gmail.com

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

लुम्बिनी प्रादेशिक अस्पताल

बुटवल, नेपाल

सूचना ! सूचना !! सूचना !!!

सूचना प्रकाशित मितिः २०८२/०२/०९

प्रस्तुत विषयमा यस अस्पतालको सर्जरी विभागमा उपचारको क्रममा आई पित्तथैलीको अप्रेशनको पालो लिई प्रतीक्षामा बसिरहनु भएका बिरामीहरुलाई लक्षित गरी अस्पतालमै पित्तथैलीको विशेष सर्जरी कार्यक्रम (Cholecystectomy) संचालन गरिने भएकोले यस अस्पतालमा चेकजाँच गराई अप्रेशनको मिति २०८२ असार १ गते पछिको पालो लिएर बसिरहेका बिरामीहरुले मिति २०८२/०२/१२ गते देखि मिति २०८२/०२/२२ गते सम्म अस्पतालको प्रशासन शाखा (टेलिफोन नं. ०७१-५३२२४८, ९७६७००४४२२) मा कार्यालय समयमा सम्पर्क गरी नाम दर्ता गराउनु हुन अनुरोध छ। नाम दर्ता गराईसकेपछि अप्रेशनको पालो लिएको कागजात सहितको विवरण अस्पतालको इमेल lzhospital@gmail.com मा पठाउनु हुन वा आफै उपस्थित भई अस्पतालको प्रशासन शाखामा बुझाउनु हुन अनुरोध छ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

स्वेच्छिक खारेजी सम्बन्धमा।

श्री सत साहेब फार्मेसी एण्ड स्वास्थ्य पोलिक्लिनिक, (दर्ता नम्बर : २४३२७१)
रामग्राम नगरपालिका-५, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम),
(प्यान नम्बर : ६०९८१०५२३)

सूचना प्रकाशित मितिः २०८२-०२-११

यस कार्यालयमा मिति २०८१-११-२५ मा दर्ता भएको प्रा.लि.नं.२४३२७१ को सत साहेब फार्मेसी एण्ड स्वास्थ्य पोलिक्लिनिक प्राइभेट लिमिटेड नामक कम्पनी यस कार्यालयको मिति २०८१-१२-०७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
नामथर : संगिता चौलागाई
पद: सहायक रजिष्ट्रार
मितिः २०८२-०२-११
कम्पनी रजिष्ट्रारको कार्यालय

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सुचना

कम्पनी ऐन, २०६३ बमोजिम दर्ता काचम भएको सम्पर्क सप्लायर्स प्रा. लि. (प्रा. लि. दर्ता नं. २०५७३९) को मिति २०८२-०२-११ मा बसेको साधारण सभाले कम्पनी स्वेच्छिक रुपमा खारेजी (लिक्विडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसँग कोही कसैको कुनै बाँकी वक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा सवुद प्रमाण सहित यो **सूचना** प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नुहुन सुचित गरिन्छ।

लिक्विडेटरः अधिवक्ता शंकर खनाल (इजाजत नं. ४९५)
चन्द्रागिरी-१७, काठमाडौं, फोन नं. ९८५१११६२०३

काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सुचना प्रकाशन मितिः २०८२/०२/१२

यस माग्दी मरौटे सामुदायिक बन उपभोक्ता समुह मालिका गा.पा. ७, घमिर, गुल्मीको स्वीकृत बन व्यवस्थापन कार्ययोजना बमोजिम डिभिजन वन कार्यालयको संकलन सहमति अनुसार उत्पादन गरी उपल्लो माग्दीमा घाटगढी गरी राखिएको खोटे सल्लो जातको गोलिया थान २५९ को परिमाण १९३६.४१ क्यू.फि जेजस्तो अवस्थामा छ सुचना प्रकाशित गरिएको सोही अवस्थामा आफै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो छ। रित पुगेका वन पैदावार (काठ/दाउरा) मा आधारित उद्योगहरुले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी **बोलपत्र** खरिद गरी २२ औं दिनको २.०० बजे भित्रमा बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानाकारीको लागि यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सुचना यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा, डिभिजन बन कार्यालय गुल्मीमा र गुल्मी जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ।

सम्पर्क नं. ९८४५३१२९३४

श्री माग्दी मरौटे सामुदायिक बन उपभोक्ता समुह
मालिका ७, घमिर, गुल्मी।